# नेपालमा पाईने
# विषालु च्याउहरू-१

## विषालु च्याउ नखाऔं जीवनलाई बचाऔं !

### १. *Amanita castanopsidis* Hongo- सेतो कत्ले च्याउ



यो च्याउ पुरै सेतो रंगको हुन्छ । यसको छाता ७ से.मी. सम्म चौडा हुन्छ । छातामा कोण तथा चुच्चो भएका कत्लै कत्ला हुन्छन् । कत्लाको टुप्पो केहि खैरो रंगको देखिन्छ । यसको डाँठ ३ से.मी. सम्म लामो, ०.४ से.मी. सम्म चौडा र तलतिर फुकेको हुन्छ । डाँठमा पनि सेता कत्लाहरू हुन्छन् । यसको कचौरा डल्लो, सेतो र डाँठ्संग जोडिएको हुन्छ । यसको मुख खुलेको हुँदैन र कत्लै कत्लाले बनेको हुन्छ । वीउ उत्पन्न हुने स्थानका पत्रहरू सेता, घना र पातला हुन्छन् । वीउ ५ देखि १० µm सम्म चौडा र सेता हुन्छ ।

यो कटुस र गुराँसको जंगलमा भूईमा उम्रेको अवस्थामा पाइन्छ ।

### २. *Amanita ceciliae* (Berk. & Br.) Bas- खैरो कत्ले च्याउ



यो च्याउको छाता कैलो खैरो रंगको हुन्छ । छाता ८ से.मी. चौडा हुन्छ । यसमा खैरो कालो रंगका कत्ला हुन्छ । यसको किनारामा मसिनो धर्साहरू हुन्छन् । यसको डाँठ १२ से.मी. सम्म लामो, फेदतिर मोटो भएको र सेतो-कैलो-खैरो रंगको हुन्छन् । यसको डाँठमा कत्ला हुन्छ र औंठी (जस्तो आकारको वस्तु) हुँदैन । यसको कचौरा डाँठसँग जोडिएको हुन्छ । वीउ उत्पन्न हुने स्थानका पत्रहरु डाँठमा जोडिएको हुँदैन । यी सेता, घना र पातला हुन्छन् । वीउ १२ µm सम्म चौडा र सेतो हुन्छ ।

यो मिश्रीत जंगल (सल्ला, कटुस, गुराँस) का जंगलमा भूईमा उम्रेको अवस्थामा पाइन्छ ।

### ३. *Amanita cokeri* (Gilb. & Khun) Gilb- सेतो कत्ले च्याउ



यो च्याउ सेतो रंगको हुन्छ । यसको छाता ८ से.मी सम्म चौडा हुन्छ । छातामा खैरो रातो रंगको त्रिकोण परेको चुच्चो भएको कत्लाहरू चारैतिर गोलाई जस्तो परेर रहेका हुन्छन् । छाताको किनारामा मसिना धर्साहरू हुन्छन् । यसको डाँठ १५ से.मी. लामो, सेतो, तलतिर फुकेको र माथितिर सुलुत्त परेको हुन्छ । डाँठमा सेता कत्लै कत्ला हुन्छन् । यसको डाँठमा सेतो र तलतिर झोलिएको औंठी हुन्छ । यसको कचौरा डाँठसंगै जोडिएको र कत्लै कत्लाले बनेको हुन्छ । यसको मुख खुला हुँदैन । वीउ उत्पन्न हुने स्थानका पत्रहरू डाँठबाट छुट्टिएका, वाक्ला र पातला हुन्छन् । यसका वीउहरू ८ µm सम्म चौडा र सेता हुन्छन् ।

यो कटुस, गुराँसको जंगलमा भूईमा उम्रेको अवस्थामा पाइन्छ ।



### ७. *Amanita phalloides* (Vaill.:Fr) Link- मृत्यु छत्रिका, भूत च्याउ

यसको छाता खैरो, पहेंलो-हरियो रंगको हुन्छ । छाता ८ से.मी. चौडा र चिप्लो हुन्छ । यसमा कत्ला हुँदैन । यसको डाँठ १० से.मी. सम्म लामो, सेतो र केहि खैरो, हरियो रंगको हुन्छ । यसमा मसिना लामा लामा धर्साहरू हुन्छन् । यसको फेदतिर फुकेको हुन्छ । यसको औंठी सेतो रंगको हुन्छ । यसको कचौरा सेतो, लामो र थोप्लो आकारको डाँठसंग जोडिएको हुन्छ । कचौराको मुख केही खुलेको हुन्छ । वीउ बन्ने स्थानका पत्रहरु डाँठबाट छुट्टिएका सेता, पातला र घना हुन्छन् । वीउ ८ देखि १० µm सम्मको हुन्छ ।

यो प्रायः कटुस–गुराँसको जंगलमा भूईमा उम्रेको अवस्थामा पाइन्छ ।



### ४. *Amanita fritillaria* (Berk.) Bace- कालो कत्ले च्याउ

यो च्याउको छाता ५ देखि ९ से.मी. चौडा हुन्छ । यो खैरो कालो र चिप्लो हुन्छ । यसको छातामा काला कत्लै कत्ला हुन्छन् । यसको डाँठ ९ से.मी. सम्म लामो र १–२ से.मी. चौडा हुन्छ । यो तलतिर फुकेको हुन्छ । यसको तलतिर खैरो-कालो र माथितिर सेतो रंगको हुन्छ । यसको डाँठ खैरो कालो कत्लाहरूले ढाकेको हुन्छ । औंठी कुनैमा नहुन पनि सक्छ । औंठी हुनेमा डाँठको तलतिर सानो र खैरो रंगको औंठी हुन्छ । कचौरा डाँठसंग जोडिएको हुन्छ । यसको मुख नखुलेको र मोटो हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू सेता, डाँठबाट छुट्टिएका, वाक्ला र पातला हुन्छन् । वीउ ६ µm चौडा र सेतो हुन्छ ।

यो च्याउ पनि सल्लाको जंगलमा पाईन्छ ।



### ५. *Amınita longistriata* Imai- खैरो भूत च्याउ

यस च्याउको छाता ६ देखि ८ से.मी. सम्म चौडा र खैरो मुसाको रंगजस्तो हुन्छ । छताको वीचमा गाढा खैरो-रातो र किनारामा फिका खैरो रंग हुन्छ । छाताको किनारामा धर्साहरू परेका हुन्छन् । यसको किनारा फुटेको हुन्छ । छातामा कत्ला हुँदै । यसको डाँठ ५ से.मी. लामो र २ मी.मी. चौडा हुन्छ । यो सुलुत्त परेको, खैरो सेतो रंगको हुन्छ । यसमा खैरो रंगको कत्ला भएको हुन्छ । यसको औंठी सेतो र केही खैो रंगको हुन्छ । कचौरा थैला जस्तो मुख खुला भएको हुन्छ । यो सेतो र केही खैरो रंगको हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू डाँठसंग नजोडिएका, सेता र वाक्ला हुन । यसका वीउ सेता हुन्छन् ।

योकटुस, गुराँसको जंगलमा भूईमा उम्रेको अवस्थामा पाइन्छ ।

### १०. *Amanita rubrovolvata* Imai- रातो कत्ले च्याउ



यो सुन्तले रातो रंगको सानो च्याउ हो । यसको छाता २ देखि ३ से.मी. सम्म चौडा हुन्छ । छाताको वीचमा गाढा रातो रंग हुन्छ । छाताको किनारामा धर्साहरू हुन्छन् । छाता केही चिप्लो र चिल्लो हुन्छ । छातामा कत्ला भएको हुन्छ । डाँठ ४ से.मी. लम्बाई र ०.४ से.मी. चौडाई र खोक्रो हुन्छ । कचौरा डाँठसंग जोडिएको, मुख नखुलेको, घुमेको खण्ड खण्ड परेको र रातो किनारा भएको हुन्छ । औंठी तलतिर झोलिएको पातलो र घना हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू डाँठसँग नजोडिएका हल्का पहेंला, सेता, पातला र घना हुन्छन् । यसको वीउ ७ µm सम्म चौडा र सेतो हुन्छ ।

यो कटुस र चिलाउनेको जंगलमा भूईमा उम्रेको पाईन्छ ।

### ९. *Amanita pseudoporphyria* Hongo- मृत्यु छत्रिका



यो च्याउको छाता ११ से.मी. सम्म चौडा हुन्छ । यो खैरो रातो र वीचमा गाढा रंगको हुन्छ । यसको किनारामा मसिना धर्साहरू हुन्छन् । यसका किनारामा सेता कत्ला झुण्डिएको पाईन्छ । यसको छाता चिल्लो र चिप्लो हुन्छ । यसको डाँठ १० से.मी. अग्लो र ०.६ मी.मी. चौडा हुन्छ । यो सेतो र केही सेतो कत्ला भएको हुन्छ । यसको औंठी सेतो, लामो तलतिर झोलिएको र मसिनो धर्सा भएको हुन्छ । यसको कचौरा सेतो र थैलो जस्तो हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू डाँठबाट छुट्टिएका सेता, घना र पातला हुन्छन् । वीउ ५ µm चौडा र सेतो हुन्छ ।

यो च्याउ कटुस, गुराँसको जंगलमा भूईमा उम्रेको अवस्थामा पाइन्छ ।

### ८. *Amanita porphyria* Alb. & Schwein. - मृत्यु छत्रिका



यसको छाता ८ से.मी. सम्म चौडा हुन्छ । यो खैरो, हल्का रातो प्याजी रंगको हुन्छ । छातामा कत्ला हुँदैन । यसको डाँठ १० से.मी. सम्म लामो हुन्छ । यो सेतो, खैरो र मसिनो धर्सो भएको हुन्छ । यसको कचौरा सेतो, डाँठसंग जोडिएको र मुख खुलेको हुन्छ । यसको औंठी छाताको रंगको जस्तो हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू डाँठबाट छुट्टिएका सेता, वाक्ला र पातला हुन्छन् । यसको वीउ ८ µm सम्म चौडा र सेतो हुन्छ ।

यो मिश्रीतजंगल (जस्तैः सल्ला, कटुस र गुराँस) को भूईमा उम्रेको पाइन्छ ।

### ६. *Amanita pantherina* (DC.) Kumm - मंग स्यामो, भूत च्याउ



यसको छाता फुस्रो, कालो वा रातो-खैरो रंगको हुन्छ । यसको छाता ८ से.मी. सम्म चौडा हुन्छ । यो सेतो रंगको र कत्ला भएको हुन्छ । यसका किनारामा धर्साहरू हुन्छन् । यसको डाँठ सेतो, ११ से.मी. सम्म लामो र तलतिर फुकेको हुन्छ । यसको औंठी सेतो हुन्छ । कचौरा सेतो, डल्लो परेको र डाँठसंग जोडिएको हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू डाँठबाट छुट्टिएका सेता, घना र पातला हुन्छन् । वीउ ९ देखि ११ µm सम्मको चौडा र सेतो हुन्छ ।

यो च्याउ प्रायः सल्ला, कटुस र गुराँसको जंगलमा भूईमा उम्रिएको अवस्थामा पाइन्छ ।

# नेपालमा पाइने

# विषालु च्याउहरू-२

## विषालु च्याउ नखाऔं, जीवनलाई बचाऔं !

### ११. *Amanita sculpta* Corner & Bas- ठूलो कालो कत्ले च्याउ



यो च्याउको छाता १२ से.मी. सम्म चौडा, पहेंलो, खैरो रंगको हुन्छ । यसको छातामा ठूला, काला कोण परेका र चुच्चो भएका कत्लै कत्लाहरू हुन्छन् । यसका किनारामा धर्सा हुँदैनन् । यसको डाँठ १४ से.मी. लामो र ३ से.मी. मोटो, सेतो, खैरो रंगको हुन्छ । कचौरा ५ से.मी. सम्म चौडा र सेतो हुन्छ । यो डाँठसंग जोडिएको र मुख खोलेको हुँदैन । यसको माथितिर कत्लै कत्ला जस्तो टुक्राहरूमा कालो रंगको धर्सा जस्तो हुन्छ । यसको औंठी सेतो-खैरो र डाँठ संगै तलतिर झोलिएको लामो हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू सेतो, डाँठबाट छुट्टिएका, घना र पातला हुन्छन् ।

यो मिश्रीत जंगलमा पाइन्छ ।

### १२. *Amanita silvicola* Kauff- सानो सेतो च्याउ



यो च्याउ पुरै सेतो रंगको हुन्छ । यसको छाता ७ से.मी. सम्म चौडा हुन्छ । यसको किनारामा धर्सा हुँदैन । यसमा सेता कत्लाहरू हुन्छन् । यसका केही कत्लाहरू झोलिएका हुन्छन् । यसको डाँठ ७ से.मी. सम्म लामो हुन्छ । यसमा सेता कत्ला हुन्छन् । यसको डाँठ फेदतिर फुकेको हुन्छ । यसको औंठी सानो र सेतो हुन्छ । यसमा कचौरा स्पष्ट रूपमा हुँदैन र कत्लाले बनेको हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू सेतो, घना, पातला र डाँठसँग केहि मात्रामा जोडिएको हुन्छ । वीउ ८–१२ x ५–७ µm सेतो हुन्छ ।

यो सल्लाको जंगलमा भूईमा उम्रेको पाइन्छ ।

### १३. *Amanita spissacea* Imai



यो च्याउ गाढा खैरो र वीचमा अझ गाढा रंगको हुन्छ । यो च्याउको छातामा खैरा केही राता रंगका कत्लाहरू हुन्छन् । छाता ९ से.मी. सम्म चौडा हुन्छ । यसको डाँठ ७ से.मी. सम्म लामो, तलतिर फुकेको हुन्छ । यो सेतो र खैरो रंगको कत्ला भएको रेसाले ढाकेको हुन्छ । यसको डाँठ केही खोक्रो हुन्छ । यसको कचौरा डाँठसंगै जोडिएको हुन्छ र मुख खुलेको हुँदैन । वीउ बन्ने स्थानका पत्रहरू डाँठबाट छुट्टीएका सेतो, घना र पातला हुन्छन् । वीउ ८ µm सम्मको चौडा र सेतो हुन्छ ।

यो कटुस, चिलाउने र सल्लाको जंगलमा भूईमा उम्रेको अवस्थमा पाइन्छ ।

### १४. *Amanita verna* (Bull.: Fr.) Lam. - सेतो भूत च्याउ



यो च्याउ पुरै सेतो रंगको हुन्छ । यसको छाता ५ से.मी. सम्म चौडा, चिल्लो र चिप्लो हुन्छ । छातामा कत्ला हुँदैनन् । यसको डाँठ ५ से.मी. सम्म अग्लो, चिल्लो र केही धर्सो भएको हुन्छ । यसको कचौरा थैला जस्तो सेतो हुन्छ । यसको औंठी झोलिएको र सेतो हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू डाँठसँग नजोडिएका सेता, पातला र घना हुन्छ । यसको वीउ १० µm सम्म चौडा र सेतो हुन्छ ।

यो च्याउ मिश्रीत जंगल जस्तैः कटुस, गुराँसको भूईमा उम्रेको पाइन्छ ।



### २०. *Gymnopilus junonius* (Fr.) Orton.

यस च्याउको छाता ७ से.मी. सम्म चौडा हुन्छ । यो सुन्तले रंगको पहेंलो, चिल्लो र चिप्लो हुन्छ । यसको डाँठ ५–६ से.मी. लामो र पहेंलो हुन्छ । यसको तलतिरको भाग फूकेको र माथि तिर साँघुरिदै गएको हुन्छ । यसको औंठी पहेंलो सुन्तले रंगको हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू पहिले पहेंलो र पछि गाढा खैरो खियाको रंग जस्तो हुन्छ । यो डाँठ संग जोडिएको र घना हुन्छ । वीउ १० ह ६ µm चौडा र खिया रंगको हुन्छ ।

यो च्याउ रूखको जरा वा रूखको ठुटाको कुना कोप्चामा उम्रीन्छ ।



### १५. *Amanita vittadini* (Moretti) Witt. - सेतो कत्ले च्याउ, लिङ्गे च्याउ

यो च्याउ पूरै सेतो रंगको हुन्छ । यसको छाता १५ से.मी.मी. सम्म चौडा हुन्छ । यो चिल्लो र चिप्लो हुन्छ । छातामा सेतो केहि खैरो खालका कत्ला रहेका हुन्छन । डाँठ १२ से.मी. स सम्म लामा ३ से.मी. सम्म चौडा र चिरिएर कत्लै कत्लाले बनेको जस्तो देखिन्छ । यसको कचौरा डाँठमै जोडिएको र कत्कत्लै कत्लाले बनेको जस्तो हुन्छ । यसको औंठी सेतो र पातलो हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू सेता, पातला र घना हुहुन्छन् ।

यो सल्लाको जंगलमा भूईमा उम्रेको अवस्थामा पाइन्छ । ।

### १९. *Daldinia concentrica* (Bolt.) Ces. & de Not- काले डल्ले च्याउ



यो च्याउ डल्लो परेको र अत्यन्त साह्रो हुन्छ । यो ७ से.मी. सम्मको गोलो हुन्छ । यो पहिले पहेंलो खैरो गाढा रातो र पछि कालो हुन्छ । यसको बाहिरी सतहमा स-साना मसिना प्वालहरू हुन्छन् । यसलाई काटी हेर्दा भित्र पट्टि गाढा प्याजी रंगको देखिन्छ र गोला रेखाहरू देखा पर्दछन् । यसका वीउहरू १२–१६ x ५.५–८.५ µm सम्मको र काला रंगका हुन्छन् । यी नै वीउहरू च्याउको वाहिरी सतहको प्वालबाट धुलो जस्तो गरी प्रसस्त निस्केका हुन्छन् ।

यो च्याउ सडेगलेको रूखको ठुटा, हाँगा विंगाहरूमा प्रसस्त जताततै उम्रको पाईन्छ ।

### १८. *Coprinus disseminatus* (Pers.) Gray



यो च्याउ सानो हुन्छ । यो झुप्पा झुप्पामा उम्रिन्छ र पिटिक्क भाँचिने हुन्छ । यसको छाता १ से.मी. सम्म लामो, घण्टि जस्तो तलतिर झोलिएको हुन्छ । यो पहिले सेतो र क्रमशः पछि कालो हुँदै जान्छ । छातामा मसिना धर्साहरू हुन्छन् । यसको डाँठ ३.५ से.मी. सम्म लामो, ०.१ से.मी. चौडा र सेतो हुन्छ । यसमा सेता रेसाहरू जस्तैले ढाकेको हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू डाँठबाट छुट्टिएका, पहिले सेता र पछि काला हुन्छन् । वीउ कालो हुन्छ ।

यो कुहिएको वस्तुहरू भएको स्थानमा जताततै पाइन्छ ।

### १७. *Coprinus atramentarius* (Bull.) Fr.



यो च्याउको छाता ५ से.मी. सम्म लामो हुन्छ । छाता घण्टि जस्तो झोलिएको, किनारामा मसिनो धर्सा जस्तो भएको र फाटेको हुन्छ । यो पहेंलो-खैरो रंगको र चिप्लो हुन्छ । यसको डाँठ ८ से.मी. लामो र ०.८ से.मी. सम्म चौडा हुन्छ । यो सेतो हुन्छ । यसमा औंठी जस्तो गोलो कालो रंगको दाग हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू घना, पहिले सेता र पछि काला हुँदै जान्छ र झर्दै जान्छ । यसको वीउ कालो हुन्छ ।

यो झुप्पा झुप्पामा कुहिएका वस्तुहरू भएको स्थानमा उम्रिएको अवस्थामा पाइन्छ ।



### १६. *Clavulinopsis fusiformis* (Sowerby) Corner. - पुजु उर स्यामो

यो च्याउ सियो जस्तो आकारको र एकै ठाउँमा झुप्पा झूप्पा परेर निस्केको हुन्छ । यसमा छाता र डाँठ हुँदैन । यसको रंग पहेंलो र १३ से.मी. सम्म अग्लो हुन्छ । यसको वीउ बन्ने स्थान टुप्पो तिर हुन्छ । यसका वीउहरू ६ देखि ८ µm सम्म चौडा र सेता हुन्छन् ।

यो कटुस, गुराँस आदिको मिश्रित जंगलमा भूईमा उम्रेको पाइन्छ ।

नेपाल सरकार

JICA नेपाल


लेखकः डा. महेश कुमार अधिकारी, (वनस्पति विभाग) **सहयोगीः** डा. काजुओ वातानावे (वरिष्ठ स्वयंसेसेवक, जाइका), हरिश्चन्द्र वाँस्तोला (ने.कृ.अ.प.), शंकर प्रसाद न्यौपाने (कृषि विभाग)

**प्रकाशकः** नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय कृषि विभाग व्यावसायिक कीट विकास निर्देशनालय हरिहरभवन ललितपरपुर, **संयुक्त प्रयासः नेपाल सरकार, कृषि विभाग, वनस्पति विभाग, नेपाल कृषि अनुसन्धान परिषद् तथा JICA नेपाल**

# नेपालमा पाइने

# विषालु च्याउहरू-३

## विषालु च्याउ नखाऔं, जीवनलाई बचाऔं !



**२१. *Gyromitra esculenta* (Pers.) Fr.**

यो च्याउको छाता मान्छेको दिमाग जस्तो गुँडुल्किएको हुन्छ । यो गाढा रातो खैरो रंगको हुन्छ र ९ से.मी.सम्म चौडा हुन्छ । यसको डाँठ १-२ से.मी. लामो र ०.४ से.मी. र चौडा, खोक्रो, सेतो र खरानी रंगको हुन्छ । यसको वीउ बन्ने स्थान छातामा हुन्छ । यसको वीउ २० x ९ μm हुन्छ ।

यो सल्लाको जंगलमा पाईन्छ ।



**२२. *Lepiota aspara* (Pers.) Quel.**

यो छाता भएको च्याउ हो । यसको छाता १० से.मी. सम्म चौडा हुन्छ । यसको छाता खैरो रातो रंगको हुन्छ । यो पहिले घण्टिको आकारको हुँदै पछि फैलिएको हुन्छ । यसको छाता गाढा खैरो रातो रंगको कत्लाहरूले छोपिएको हुन्छ । यसको डाँठ २ से.मी.सम्म लामो ०.४ देखि ०.५ से.मी. सम्म चौडा र छाता जस्तै रंगको कत्ला भएको हुन्छ । यसको औंठी सेतो र झुण्डीएको हुन्छ । यसमा राता खैरा कत्ला टाँसिएका हुन्छन् । डाँठको तल्लो भाग फुकेको हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू सेता, घना र पातला र डाँठबाट छुट्टिएका हुन्छन् । यसको वीउ ६ x ४ μm सम्मको चौडा र सेतो हुन्छ ।

यो चौरमा जताततै उम्रेको अवस्थामा पाइन्छ ।



**२३. *Lepiota hystrix* Moller & Lange**

यसको छाता ५ से.मी. सम्म चौंडा हुन्छ । छाता पहिले घण्टी आकारको हुन्छ र पछि फैलिन्छ । यसको छाता खैरो रातो रंगको कोण परेको र कत्लै कत्लाले छोपेको हुन्छ । यसको डाँठ ५ से.मी. लामो र ०.६ से.मी. चौडा हुन्छ । डाँठ सेतो खैरो भए तापनि खैरो रातो रंगको कत्लाले ढाकेको हुन्छ । यसको औंठी सेतो हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू सेता, घना र पातला हुन्छन् । वीउ ६ x ३ μm सम्म चौडा र सेतो हुन्छ ।

यो चौरमा जताततै उम्रेको अवस्थामा पाइन्छ ।



**२५. *Ramaria flava* (Schaeff.) Quel. पुजु स्यामो**

यो च्याउ छाता नभएको सुइरो आकारको हुन्छ । यसका धेरै हाँगाविँगाहरू हुन्छन् । यो १० देखि १५ से.मी. सम्म अग्लो हुने च्याउ हो । यो गन्धक रंगजस्तो पहेंलो हुन्छ । यसको डाँठ ४ से.मी. र ०.८ से.मी. सम्म चौडा र सेतो हुन्छ । डाँठ भाँच्दा केही रातो हुन्छ । यो छिप्पिएपछि खैरो रंगको हुन्छ । यसको वीउ बन्ने स्थान टुप्पोमा हुन्छ । यसका वीउ १२–११ x ५ μm खिया-पहेंलो रंगको हुन्छ ।

यो पतकर तथा सल्लाको जंगलमा भूईमा उम्रेको अवस्थामा पाइन्छ ।



**२४. *Panacloes semiovatus* (Sowerby) Lundell -गोब्रे च्याउ**

यो च्याउको छाता ४ देखि ६ से.मी. चौडा हुन्छ । यो घण्टि आकारको, खैरो, पहेंलो रंगको हुन्छ । यसको डाँठ १० से.मी. सम्म लामो र ०.३ से.मी. चाँडा हुन्छ । यसको औंठी सेतो र झिनो हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू डाँठबाट छुट्टिएका, पहेंला, सेता हुन्छन् र पछि तुरुन्तै काला भएर जान्छन् । वीउ १७–१९ x ११ μm सम्मको र कालो हुन्छ ।

यो गोवरमा उम्रिने च्याउ हो ।



**२६. *Ramaria formosa* (Pers.) Quel. पुजु स्यामो**

यो रातो खैरो अथवा सुन्तले रंगको च्याउ हो । यसमा छाता हुँदैन । यो २३ से.मी. सम्म अग्लो हुन्छ । यसको डाँठ ५ देखि ३ से.मी. चौडा र दह्रो हुन्छ । यो सेतो, सुन्तले, पहेंलो रंग तथा हरियो, पहेंलो रंगको हुन्छ । यसलाई भाँच्दा कालो वा खैरो रंगको देखिन्छ । यसको वीउ बन्ने स्थान टुप्पोमा हुन्छ । यसको वीउ खैरो-पहेंलो हुन्छ । यस च्याउको स्वाद तीतो हुन्छ ।

यो च्याउ कटुस, गुराँसको जंगलमा भूईमा उम्रेको अवस्थामा पाइन्छ ।



**२७. *Russula emetica* (Sehaeff.) Pers.**

यो च्याउ रातो गुलाफी रंगको हुन्छ । यसको छाता ५ से.मी.सम्मका चौडा हुन्छ । यो तलतिर फर्केको र रातो रंगको हुन्छ । छाताको किनारमा मोटो धर्सा हुन्छ । छाता चम्किलो र चिल्लो हुन्छ । यसको डाँठ ४–८ से.मी. लामो हुन्छ । यो सेतो र सुलुत्त परेको हुन्छ । यसको तलतिरको भाग केही फुकेको हुन्छ । यसको वीउ बन्ने स्थानका पत्रहरू मोटो हुन्छन् । यी डाँठसंग जोडिएको हुँदैनन् । यी पहिला सेतो र पछि पहेंला पराले रंगका हुन्छन् । वीउ १० ह ८ μm सम्मको हुन्छ ।

यो सल्लाघारीको भूईमा उम्रेको अवस्थामा पाइन्छ ।



**३०. *Sehizophyllum commune* (Fr.) Fr.- मिज च्याउ**

यो च्याउ सेतो खैरो रंगको सानो हुन्छ । यसको छाता १ देखि ४ से.मी.सम्म चौडा पंखा आकारको हुन्छ । छाता शुक्ष्म रेशाहरूले छोपिएका हुन्छन् । यसको डाँठ हुँदैन । यो चाम्रो च्याउ हो । सुखाएपछि सानो हुन्छन् र भिजेपछि फेरी आफ्नै आकारमा हाउँछ । वीउ उत्पन्न हुने स्थानका पत्रहरू च्याउको फेदबाट निस्केर किनारा तिर फैलिएका हुन्छन् । वीउ ५–६ x २.५–३ μm सम्मका हुन्छन् ।

यो च्याउ कुहेका काठमा जताततै उम्रेको पाईन्छ ।



**२९. *Hygrocybe conica* (Sehaeff.) Kumm. कालो चिप्लो च्याउ**

यो च्याउको सबै भाग पहेंलो, सुन्तले रंगको हुन्छ र पछि कालो भएर जान्छ । च्याउको छाता ३ देखि ५ से.मी. चौडा र कोण परेको हुन्छ । यसको डाँठ ०.२ देखि ०.३ सम्म चौडा र ३ देखि ४ से.मी. सम्म लामो हुन्छ । वीउ बन्ने स्थानका पत्रहरू डाँठ संग जोडिएका र पहेंला हुन्छ । यी केही मोटा र फराकिला भएर रहेका हुन्छन् । वीउ सेतो ८–१० x ५–६ μm का हुन्छन् ।

यी चौर तथा वनजंगलमा जताततै उम्रेको पाइन्छ ।



**२८. *Russula fragilis* (Pers.:Fr.) Fr.**

यस च्याउको छाता ५ से.मी. चौडा हुन्छ । यो तलतिर फर्केको र रातो रंगको हुन्छ । छाताको बीचमा गहिरो हुन्छ । यो चम्किलो र चिल्लो हुन्छ । यसको डाँठ ४–८ से.मी. लामो हुन्छ । यो सेतो र सुलुत्त परेको हुन्छ । यसको तलतिरको भाग केही फुकेको हुन्छ । यसको वीउ बन्ने स्थानका पत्रहरू मोटा, डाँठसंग जोडिएको हुँदैनन् । यो पहिला सेतो र पछि पहेंलो पराले रंगको हुन्छ । वीउ १० x ८ μm सम्मको सेतो र चौडा हुन्छ ।

यो सल्लाघारीको भूईमा उम्रेको अवस्थामा पाइन्छ ।

नेपाल सरकार

JICA नेपाल

लेखकः डा. महेश कुमार अधिकारी, (वनस्पति विभाग) सहयोगीः डा. काजुओ वातानावे (वरिष्ठ स्वयंसेवक, जाइका), हरिश्चन्द्र बाँस्तोला (ने.कृ.अ.प.), शंकर प्रसाद न्यौपाने (कृषि विभाग)
प्रकाशकः नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, कृषि विभाग, व्यावसायिक कीट विकास निर्देशनालय, हरिहरभवन, ललितपुर, ५५२४२२५, ५०१००९०, संयुक्त प्रयासः नेपाल सरकार, कृषि विभाग, वनस्पति विभाग, नेपाल कृषि अनुसन्धान परिषद् तथा JICA नेपाल
भाग १ २ र ३ का प्रकाशन मिति : २